


# स्थानीय तहले रोजगारी बढाउन गरेका प्रयास र त्यसको प्रभाव एवंम् आमी दिनमा अझै प्रभावकारी बनाउन गर्नु पर्ने सुधारहरू

सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, पुन्ना डोटीद्वारा मिति २०८२/०९/२४ गते देखि २०८२/१०/२८ गते सम्म सञ्चालित ३० कार्यदिने सेवाकालीन तालिम अन्तर्गत दिपायल सिलगढी नगरपालिकालाइ आधार बनाइ तयार गरिएको स्थलगत अध्ययन भ्रमण प्रतिवेदन ।

***<u>पेश गरेको निकाय:</u>***

सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान पुन्ना, डोटी

**प्रतिवेदकहरु :**

अधिकृत छैंटौ दिपक राज देवकोटा (लम्कीचुहा नगरपालिका, कैलाली)

सहायक पाँचौ डम्बर सिह साउद (परशुराम नगरपालिका, डडेल्धुरा)

अधिकृत छैंटौ करूणाकर जोशी (आन्तरिक मामिला तथा कानुन मन्त्रालय, कैलाली)

सहायक पाँचौ घनश्याम चौधरी (भजनी नगरपालिका, कैलाली)

सि.अ.न.मि. मिना सापकोटा (शैल्यसिखर नगरपालिका, दार्चुला)

ल्या.अ.नि. हरी सिंह बिष्ट (गोकुलेश्वर अस्पताल, दार्चुला)

# हाम्रो भनाई

सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान पुन्ना, डोटीद्वारा सञ्चालीत नेपाल सरकार संघ, प्रदेश र स्थानीय तहमा कार्यरत सहायक स्तर पाँचौ र अधिकृत स्तर छैंटौ तहका कर्मचारीहरुको मिति २०८२।०९।२४ देखि मिति २०८२।१०।२८ सम्म भएको विषयक ३० कार्य दिनको सेवाकालीन तालिमका सन्दर्भमा भए गरेका क्रियाकलापहरुको सन्दर्भमा यो प्रतिवेदन तयार गरिएको छ।

मिति २०८२।०९।२४ गते आफ्नै सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान पुन्ना ,डोटी को मालिका तालिम हलमा तालिमको औपचारिक शुरुवात यसै प्रतिष्ठानका कार्यक्रम सञ्चालक सहजिकरण विज्ञ अर्जुन सुवेदी ज्यूबाट भएको थियो । तालिमको अध्यक्षता सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, डोटीका कार्यकारी निर्देशक श्री गेहेन्द्र बम ज्यूले गर्नु भएको थियो।यसै गरी सञ्चालक श्री अर्जुन सुवेदी ज्यूले यस कार्यक्रमको बिषयमा प्रकाश पार्नुभएको थियो ।सम्पुर्ण प्रशिक्षार्थीहरुको उपस्थितिमा उक्त कार्यक्रमको उद्घाटन कार्यकारी निर्देशक श्री गेहेन्द्र बमज्यू को अध्यक्षता मा जिल्ला समन्वय समिति संयोजक श्री लक्ष्मण बहादुर सिंह र दिपायल सिलगढी नगरपालिका प्रमुख श्री बाजि सिंह खड्का ज्यूबाट कार्यक्रमको सुभारम्भ गरिएको थियो ।सम्पुर्ण सहायक स्तर पाँचौ र अधिकृत स्तर छैंटौका कर्मचारीहरुको व्यक्तित्व विकास र पेशागत क्षमता विकासमा महत्वपुर्ण भुमिका निर्वाह हुने भएकोले सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, पुन्ना, डोटीलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

तालिम भनेको कर्मचारीहरुको क्षमता र दक्षता हासिल गर्ने प्रक्रिया हो । कुनैपनि कार्य उपलब्धि मुलक र प्रभावकारी किसिमले सञ्चालन गर्नका लागि तालिम आवश्यक हुन्छ । तालिमले कर्मचारीलाई तोकिएको कार्यसम्पादनका लागि आवश्यक पर्ने प्रक्रिया, प्रविधि, ऐन, नीति, नियम तथा कार्यक्रम आदि बारे ज्ञान प्रदान गर्छ र यस्ता ज्ञानलाई व्यवहारमा प्रयोग गर्न आवश्यक सीप विकास गराउँदछ । निजामती सेवामा पूर्व सेवा प्रवेश तालिम, सेवा प्रवेश तालिम, सेवाकालिन तालिम एवं पुर्नताजगि तालिम प्रदानका लागि नीतिगत, संस्थागत व्यवस्थाहरु तथा वैदेशिक अध्ययन र तालिमका अवसरहरु भएतापनि व्यवहारिक रुपमा कार्यान्वयन भएको देखिदैन ।

निजामती सेवा ऐन प्रथम पटक २०१३ मा तर्जुमा भयो र लागू भयो । प्रशासन सुधार आयोग २०४९ को सिफारिस समेत कार्यान्वयन गर्ने उद्देश्यले निजामती सेवा ऐन, २०४९ र नियमावली, २०५० जारी भएको हो । निजामती सेवा ऐन, २०४९ ले मन्त्रालय, आयोग वा सचिवालयहरूले आफ्नो मातहतका कर्मचारीलाई अध्ययन, तालिम वा अध्ययन भ्रमणमा पठाउनको लागि प्रत्येक वर्ष आवश्यक विवरण तयार गरी सामान्य प्रशासन मन्त्रालयमा पठाउने व्यवस्था गरेको छ ।

सम्पूर्ण सहभागीहरु



दिपक राज देवकोटा(२०४२६३)
अधिकृत छैंटौ
लम्कीचुहा नगरपालिका, कैलाली



डम्बर सिंह साउद (२३७७८५)
सहायक पाँचौ
परशुराम नगरपालिका, डडेल्धुरा



करूणाकर जोशी (१६२२६१)
अधिकृत छैठौ
सामाजिक मामिला तथा कानुन मन्त्रालय, कैलाली




घनश्याम चौधरी (२४१८४३)
सब-इन्जिनियर
भजनी नगरपालिका, कैलाली



मिना सापकोटा (१८२८४५)
सि.अ.न.मि.
शैल्यसिखर नगरपालिका, दार्चुला



हरी सिंह बिष्ट (१८२८४६)
ल्या. अ. नि.
गोकुलेश्वर अस्पताल, दार्चुला

# विषयसूची


१.परिचय ........ 1

**१.१.पृष्ठभूमिः** ........ 1

**१.२.अध्ययनको उद्देश्यः** ........ 2

**१.३.अध्ययनको विधी** ........ 3

**१.४.अध्ययनको सिमा** ........ 4

२.सेवा प्रवाहका क्षेत्र तथा संगठन संरचना ........ 6

**२.१.कार्यालयको संगठन संरचना तथा जनशक्ती व्यवस्थापन** ........ 6

**२.२.शाखागत कर्मचारीहरूको विवरण** ........ 7

२.३ दिपायल सिलगढी नगरपालिकाको रोजगारी प्रवर्द्धनमा कानुनी आधार र स्थानीय नीतिगत अभ्यासबीचको सम्बन्ध ........ 8

**२.४ दिपायल सिलगढी न.पा.को आ.व. २०८१/८२ को बार्षिक बजेट** ........ 10

**२.५ दिपायल सिलगढी न.पा.को आ.व. २०८२/८३ को बार्षिक बजेट** ........ 10

**२.६ दिपायल सिलगढी नगरपालिकाले आ.व. २०८१/०८२ मा रोजगारी बढाउन गरेको बार्षिक बजेट** ........ 10

२.७ दिपायल सिलगढी नगरपालिकाले आ.व. २०८२/०८३ मा रोजगारी बढाउन गरेको बार्षिक बजेट विनियीजन र कार्यान्वयनको अवस्था ........ 12

**२.८ दिपायल सिलगढी नगरपालिकाको रोजगार सेवा केन्द्रले आ.व.** ........ 14

३. दिपायल सिलगढी नगरपालिकाले रोजगारी बढाउन गरेका प्रयासले स्थानियस्तरमा परेको प्रभावको SWOT Analysis ........ 15

**Strengths (बलियो पक्ष)** ........ 15

**Weaknesses (कमजोरी)** ........ 15

**Opportunities (अवसर)** ........ 15

**Threats (खतरा)** ........ 16

४.प्रमुख सिकाइहरु तथा अध्ययनको निष्कर्ष ........ 16

**५.१ अध्ययनका प्रमुख सिकाइहरू (Key Learnings)** ........ 16

**५.२ अध्ययनको निष्कर्ष (Conclusion)** ........ 17

अनुसुची १ ........ 17

✓ स्थलगत अध्ययनमा सहभागी प्रशिक्षार्थीहरुको नामावली ........ 17

अनुसुची २ ........ 18

❖ सोधिएका प्रश्नावली .......... 18
✓ नगर प्रमुख (Mayor) सँग सोधिने प्रश्नहरू .......... 18
✓ प्रमुख प्रशासकीय अधिकृत (CAO) सँग सोधिने प्रश्नहरू .......... 18
✓ रोजगार संयोजक (Employment Coordinator) सँग सोधिने प्रश्नहरू .......... 18
✓ लघु उद्यम विकास सहजकर्ता सँग सोधिने प्रश्नहरू .......... 19
अनुसुची ३ .......... 19
❖ अध्ययन अवधिभरका केहि तस्विरहरु .......... 19
७. सन्दर्भ सामग्री .......... 25


# १.परिचय


## १.१.पृष्ठभूमिः

दिपायल सिलगढी नगरपालिका नेपालको सुदूरपश्चिम प्रदेशकोको डोटी जिल्लामा अवस्थित एक नगरपालिका तथा जिल्ला सदरमुकाम हो| यस नगरपालिमा कूल ९ वडा रहेका छन् । १६२.६२ वर्ग कि.मि.को क्षेत्रफलमा फैलिएको दिपायल सिलगढी नगरपालिकाको भु–आकृतिक स्वरुप खोलानाला, नदी तथा पहाडी भू-भाग रहेको छ भने यसको पूर्वमा अछाम र पुर्विचौकी गाउँपालिका, पश्चिममा शिखर न.पा., उत्तरमा सायल गाउँपालिका र आदर्श गाउँपालिका र दक्षिणमा के.आई.सिंह गाउँपालिका रहेको छ । यसको शालाखाला अधिकतम तापक्रम ३० डिग्री र न्यूनतम तापक्रम १० डिग्री रहेको पाइन्छ ।

यो समुद्री सतहदेखि १३१० मि. को उचाइँमा, संघिय राजधानी काठमाडौं देखि ८३० कि.मि.को दूरीमा स्थित रहेको छ । साल २०७८ को राष्ट्रिय जनगणनाको तथ्याङ्क अनुसार यस नगरपालिकाको कुल जनसंख्या ३३,९६८ रहेको छ।स्थानीय स्तरमा बसोबास गर्ने विभिन्न जात जाती तथा समुदायका मानिसहरुको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाड पर्व मनाउने गरिन्छ । जस्तै स्थानीय स्तरमा मनाइने प्रमुख चाडपर्वहरु दशैं, तिहार, होली, गौरा, औल्के, मागे संक्रान्ति, कृष्ण जन्माष्टमि, स्थानीय जात्रा र मेला यहाँका प्रमुख चाड पर्वको रुपमा रहेको पाइन्छ।दिपायल सिलगढी सेती नदीको किनारमा रहेको छ| वि.सं. २०३८ सालमा रमणीय पौराणिक तथा ऐतिहासिक डोटी जिल्लाको केन्द्र भागमा नगरपालिकाको स्थापना गर्ने क्रममा कोट भैरभ र सिलागढ़ीका गाउ पंचायतका सबै वडाहरुका साथै तिखा र राना गाउ गाउ पंचायतका केहि भूभागहरुलाई दिपायल नगर पंचायत बनाइएको थियो| आरम्भमा दिपायल नगर पंचायत नाम राखिएको यस नगरपालिकालाई वि.सं. २०४७ सालमा अमर डाडा र तिखा गा.वि.स. हरुको सम्पूर्ण भूभाग हरुलाई यो नगरपालिकामा समावेस गरेर १४ वटा वडा बनाइनुका साथै यसलाई दिपायल सिलगढी नगरपालिका भनेर नामकरण गरिएको थियो।त्यसपछी लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना संगै नेपालको संबिधान (२०७२)को घोषणा पश्चात स्थानीय विकाश मन्त्रालयको निर्णय अनुसार राज्यको पुनर्संरचना गर्ने र नेपाललाई ७५३ वटा स्थानीय तहहरुमा विभाजन गर्ने क्रममा यस नगरपालिकामा पनि बिस्तार भइ साविकका लडागडा, बगलेक, खातिवडा, कलेना गा.वि.स. हरु यस नगरपालिकामा समावेस गरिएको थियो | यस नगरलाई ऐतिहासिक र धार्मिक नगरको रुपमा पनि लिइन्छ| भगवान रामका पुर्खा राजा दिलीपले तपस्या गरि स्थापना गरेको दिल्पेश्वर मठ र

स्कन्द पुराणको मानस खण्डमा वर्णित चन्दनगिरि पर्वत हालको सिलगढी नगरमा रहेको छ| यसैगरि सुदूरपश्चिमकि नौ भगवती मध्य शैलेश्वरी देवीको मन्दिर यसै नगरमा रहेको छ ।




## १.२.अध्ययनको उद्देश्यः

- नेपालको संविधान, २०७२ ले प्रत्याभूत गरेको रोजगारीको हक तथा अनुसूची ८ र ९ अनुसार स्थानीय तहलाई प्राप्त अधिकारको आधारमा दिपायल सिलगढी नगरपालिकाले रोजगारी प्रवर्द्धनका लागि गरेका प्रयासहरूको प्रभावकारिता मूल्याङ्कन गर्नु।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरेका सीप विकास तालिम, उद्यमशीलता प्रवर्द्धन, कृषि तथा पशुपालन विकास, गरिबी न्यूनीकरण र स्थानीय स्रोतमा आधारित उद्योग प्रोत्साहन कार्यक्रमहरूको कार्यान्वयन अवस्था अध्ययन गर्नु।
- प्रधानमन्त्री रोजगार कार्यक्रम, श्रम ऐन, २०७४ तथा राष्ट्रिय रोजगारी नीतिसँग सम्बन्धित कार्यक्रमहरूको स्थानीय तह मार्फत कार्यान्वयनबाट सिर्जित रोजगारीको वास्तविक अवस्था विश्लेषण गर्नु।
- नगरपालिकाले सञ्चालन गरेका लघु उद्यम विकास, स्वरोजगार, सहकारीमार्फत आयआर्जन र सीपमूलक तालिम कार्यक्रमहरूले नागरिकको आयस्तर र जीवनस्तरमा पारेको प्रभाव अध्ययन गर्नु।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार प्राप्त अनुदान तथा नगरपालिकाको आन्तरिक बजेट रोजगारी सिर्जना क्षेत्रमा कत्तिको उपयोग भयो भन्ने पक्षको समीक्षा गर्नु।
- कृषि व्यवसायीकरण, पशुपालन, साना उद्योग तथा सेवा क्षेत्रमार्फत स्थानीय आर्थिक क्रियाकलाप विस्तारमा नगरपालिकाको भूमिकाको विश्लेषण गर्नु।

- रोजगारी प्रवर्द्धनका कार्यक्रमहरूमा महिला, दलित, विपन्न, युवा र लक्षित वर्गको सहभागिता र पहुँचको अवस्था मूल्याङ्कन गर्नु।
- सञ्चालन भएका कार्यक्रमहरूबाट सिर्जित रोजगारीको दीगोपना, बजार व्यवस्थापन र उद्यमको टिकाउपनको अवस्था अध्ययन गर्नु।
- रोजगारी सिर्जना सम्बन्धी कानुनी, नीतिगत, संस्थागत तथा व्यवहारिक समस्याहरू पहिचान गर्नु।
- भविष्यमा दिपायल सिलगढी नगरपालिकामा दिगो र प्रभावकारी रोजगारी सिर्जना गर्न नीति सुधार, संस्थागत सुदृढीकरण र कार्यक्रम कार्यान्वयनका लागि सिफारिस प्रस्तुत गर्नु।

## १.३.अध्ययनको विधी

अध्ययन भनेको कुनै पनि विषय, बस्तु, समस्या वा घटनाको बारेमा व्यवस्थित तरिकाले जानकारी संकलन गर्ने, त्यसलाई विश्लेषण गर्ने र निष्कर्ष निकाल्ने प्रक्रिया हो |

कुनै विषयको अध्ययनको क्रममा अपनाइने तौरतरिका एबम् प्रक्रियालाइ अध्ययनको विधि भनिन्छ | स्थलगत भ्रमण तथा अध्ययनका विभिन्न विधिहरु छन् | यी विधिहरु अध्ययनको उद्धेश्य, क्षेत्र, विषयबस्तु तथा आवश्यक स्रोतसाधन अनुसार फरक-फरक हुन्छन | यस क्रममा हामीले स्थलगत भ्रमण तथा अध्ययनको सिलसिलामा देहाय बमोजिमका विधिहरु प्रयोग गरका छौ |

### १. वर्णनात्मक विधि (Descriptive Method)

- नगरपालिकाले सञ्चालन गरेका रोजगारी कार्यक्रम, नीति, बजेट, तालिम, उद्यम प्रवर्द्धन गतिविधि आदि वास्तविक तथ्य र अवस्थाको विवरण दिने।
- **उपयुक्त कारणः** यसले “के कार्यक्रम सञ्चालन भयो र कस्तो अवस्था छ?” भन्ने प्रश्नको उत्तर दिन्छ।

### २. विश्लेषणात्मक विधि (Analytical Method)

- कार्यक्रमको प्रभावकारिता, वास्तविक रोजगारी सिर्जना, नागरिकको आयस्तरमा आएको परिवर्तन जस्ता तथ्यहरूको तुलना र विश्लेषण गर्ने।
- **उपयुक्त कारणः** “कार्यक्रमको परिणाम कति प्रभावकारी भयो?” बुझ्न।

### ३. कानुनी (Doctrinal) विधि

- संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, श्रम ऐन, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, राष्ट्रिय रोजगारी नीति लगायतका कानुनी आधारको अध्ययन।

- **उपयुक्त कारणः** नगरपालिकाको अधिकार, जिम्मेवारी र कार्यक्रमको कानुनी आधार बुझ्न।

४. **क्षेत्रीय अध्ययन (Field Study)**

- स्थानीय पदाधिकारी, रोजगार प्राप्त व्यक्ति, तालिम लिएका युवा सँग अन्तर्वार्ता / प्रत्यक्ष अवलोकन।
- **उपयुक्त कारणः** "कार्यक्रमले स्थानीय नागरिकमा कस्तो प्रभाव पारेको छ?" प्रत्यक्ष जानकारी संकलन गर्न।

५. **सर्वेक्षण विधि (Survey Method)**

- प्रश्नावली प्रयोग गरी कति जनाले रोजगारी पाए, आयस्तर कति बढ्यो, कार्यक्रमप्रति सन्तुष्टि स्तर जस्ता तथ्य संकलन।
- **उपयुक्त कारणः** ठूलो जनसंख्यामा तथ्याङ्क आधारित प्रमाण जुटाउन।

६. **दस्तावेज अध्ययन (Document Review)**

- वार्षिक नीति तथा कार्यक्रम, बजेट विवरण, PMEP रिपोर्ट, स्थानीय तहको प्रगति प्रतिवेदन।
- **उपयुक्त कारणः** "कार्यक्रम योजना अनुसार लागू भयो कि भएन?" र वित्तीय स्रोतको उपयोग बुझ्न।

## १.४.अध्ययनको सिमा

१. **केन्द्रित विषयः**

- अध्ययन पूर्ण रूपमा **स्थानीय तहले रोजगारी प्रवर्द्धनका लागि गरेका प्रयास** मा केन्द्रित हुनेछ।
- अन्य संघ/प्रदेश सरकारको समग्र रोजगारी नीति र कार्यक्रमको विस्तृत विश्लेषण यस अध्ययनमा समावेश हुनेछैन।

२. **कानुनी तथा नीतिगत आधारः**

- अध्ययन नेपालको **संविधान २०७२**, **स्थानीय सरकार सञ्चालन ऐन २०७४**, **श्रम ऐन २०७४**, **अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४**, र **राष्ट्रिय रोजगारी नीति** का प्रावधानहरूको आधारमा सीमित हुनेछ।

- यसले स्थानीय तहको अधिकार, जिम्मेवारी, कार्यान्वयन प्रक्रिया र कानुनी दायरालाई मात्र समेट्नेछ।

३. **समयावधिः**

- अध्ययन निश्चित आर्थिक वर्ष **२०८१/८२ र २०८२/८३** का कार्यक्रमहरूमा केन्द्रित हुनेछ।
- यस अवधिमा सञ्चालन भएका सीप विकास तालिम, उद्यमशीलता प्रवर्द्धन, प्रधानमन्त्री रोजगार कार्यक्रम (PMEP), कृषि र साना उद्योग कार्यक्रमहरूको तथ्याङ्क, परिणाम र प्रभाव मूल्याङ्कन गरिनेछ।

४. **भौगोलिक क्षेत्रः**

- अध्ययन **दिपायल सिलगढी नगरपालिका**, यस अन्तरगतका **शाखा कार्यालयमा** केन्द्रित हुनेछ।
- यसले नगरपालिकाको स्थानीय स्तरमा रोजगारी सिर्जनाको अवस्था प्रत्यक्ष अवलोकन गर्न अनुमति दिनेछ।

५. **केन्द्रित कार्यक्रम र गतिविधिः**

- **सीप विकास तालिम, उद्यमशीलता प्रवर्द्धन कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम (PMEP), कृषि विकास र साना उद्योग** मार्फत सिर्जित रोजगारीमा मात्र ध्यान केन्द्रित।
- निजी क्षेत्रद्वारा स्वतन्त्र रूपमा सिर्जित रोजगारी, बाह्य अनुदान वा संघ/प्रदेश सरकारका अन्य कार्यक्रम यस अध्ययनमा समावेश छैन।

६. **तथ्याङ्क स्रोतः**

- अध्ययन **प्रतिवेदन, बजेट विवरण, PMEP रिपोर्ट, सर्वेक्षण, अन्तर्वार्ता र प्रत्यक्ष अवलोकन** बाट प्राप्त जानकारीमा आधारित हुनेछ।
- यसले स्थानीय तहका पदाधिकारी, रोजगार प्राप्त व्यक्ति, तालिम लिएका युवासँग प्रत्यक्ष संवाद मार्फत यथार्थ तथ्य संकलन सुनिश्चित गर्नेछ।

७. **उद्देश्य र नतिजाः**


- अध्ययनबाट **प्रभावकारी, व्यवहारिक नतिजा** प्राप्त गर्न लक्षित।
- सेवाग्राहीहरूको **सन्तुष्टि मापन, सुशासन प्रवर्द्धन**, र **नीति/कार्यक्रम सुधारका लागि यथार्थपरक सिफारिसहरू** प्रदान गर्ने लक्ष्य।

# २.सेवा प्रवाहका क्षेत्र तथा संगठन संरचना

## २.१.कार्यालयको संगठन संरचना तथा जनशक्ती व्यवस्थापन

दिपायल सिलगढी नगरपालिकामा रोजगारी प्रवर्द्धनका प्रयासहरू बहु—क्षेत्रीय शाखाहरूको समन्वयबाट सञ्चालन हुने व्यवस्था रहेको देखिन्छ। नगर प्रमुख र कार्यपालिकाबाट नीति निर्देशन तथा प्रमुख प्रशासकीय अधिकृतको प्रशासनिक नेतृत्वमा कृषि शाखा, पशु सेवा शाखा, लघु उद्यम विकास शाखा, महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा र रोजगार शाखा बीच समन्वय गरी कार्यक्रम कार्यान्वयन हुन्छ। कृषि शाखाले व्यावसायिक खेती, तरकारी, फलफूल, कृषि तालिम जस्ता कार्यक्रम सञ्चालन गरी कृषि आधारित रोजगारी बढाउँछ भने पशु शाखाले पशुपालन, दुग्ध उत्पादन, बाख्रा/कुखुरा पालन जस्ता गतिविधिमार्फत आयआर्जन र स्वरोजगार सिर्जना गर्छ। लघु उद्यम विकास शाखाले घरेलु तथा साना उद्योग, सीपमूलक उद्यम तालिम, उपकरण सहयोग र बजार व्यवस्थापनमा सहयोग पुऱ्याउँछ, जसले उत्पादन र सेवा क्षेत्रमा रोजगारी विस्तार गर्छ।

यसैगरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले विशेष गरी महिला, विपन्न र लक्षित समूहलाई सशक्तीकरण तालिम, आयमूलक कार्यक्रम र समूहगत उद्यममा जोड्ने कार्य गर्छ, जसले समावेशी रोजगारी सुनिश्चित गर्न मद्दत गर्दछ। यी सबै शाखाबाट उत्पन्न अवसरहरूलाई रोजगार शाखा/रोजगार सेवा केन्द्र ले बेरोजगार दर्ता, सीप प्रोफाइल, रोजगार सूचना प्रवाह र रोजगार मिलान प्रणालीमार्फत समन्वय गर्छ। यसरी शाखाहरूबीचको समन्वित कार्यप्रणालीले कृषि, पशुपालन, उद्यम र सामाजिक सशक्तीकरणलाई जोडेर स्थानीय स्तरमै स्वरोजगार तथा उत्पादनमूलक रोजगारी सिर्जना गर्ने आधार तयार हुन्छ, यद्यपि प्रभावकारी नतिजाका लागि जनशक्ति सुदृढीकरण र नियमित अनुगमन अझ आवश्यक देखिन्छ।




**नगरपालिकाको सम्बन्धित शाखागत दरवन्दी चार्ट**

## २.२.शाखागत कर्मचारीहरूको विवरण

| क्र.स. | कर्मचारीको नाम/थर | जिम्मेवारी/पद | कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | श्री दामोदर भण्डारी | प्रमुख प्रशासकीय अधिकृत | दिपायल सिलगढी न.पा. | |
| २ | श्री टेकराज भण्डारी | रोजगार संयोजक | दिपायल सिलगढी न.पा. | |
| ३ | श्री हिक्मत बहादुर साउद | कृषि शाखा प्रमुख | दिपायल सिलगढी न.पा. | |

| | | | | |
|---|---|---|---|---|
| ४ | श्री सत्यसुन्दरराज भण्डारी | पशु विकास शाखा प्रमुख | दिपायल सिलगढी न.पा. | |
| ५ | श्री सानुमाया लिम्बु गुरूङ् | महिला वालबालिका तथा जेष्ठ नागरिक शाखा | दिपायल सिलगढी न.पा. | |
| ६ | श्री लाल बहादुर खड्का | ब. उद्यम विकास सहजकर्ता | दिपायल सिलगढी न.पा. | |

## २.३ दिपायल सिलगढी नगरपालिकाको रोजगारी प्रवर्द्धनमा कानुनी आधार र स्थानीय नीतिगत अभ्यासबीचको सम्बन्ध

नेपालको संविधान, २०७२ तथा सम्बन्धित कानुनहरूले स्थानीय तहलाई रोजगारी सिर्जनाको स्पष्ट जिम्मेवारी दिएका छन्। सोही आधारमा दिपायल सिलगढी नगरपालिकाले आफ्ना **वार्षिक बजेट, आवधिक योजना, नीति तथा रणनीतिहरू** मार्फत रोजगारी प्रवर्द्धनसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दै आएको देखिन्छ।

१. संवैधानिक अधिकार र नगरपालिकाको योजना अभ्यास

संविधानको धारा ३३ ले प्रत्याभूत गरेको रोजगारीको हक र धारा ५१ का निर्देशक सिद्धान्तअनुसार नगरपालिकाले:

- कृषि, पशुपालन, साना उद्योग, सहकारी, पूर्वाधार निर्माणजस्ता क्षेत्रमा बजेट विनियोजन गरेको
- स्थानीय स्रोत—साधनमा आधारित कार्यक्रमहरू (कृषि उत्पादन, पशुपालन, पर्यटन सम्भावना) सञ्चालन गरेको

  यी गतिविधिहरू संविधानको अनुसूची ८ मा उल्लेखित अधिकार प्रयोगकै उदाहरण हुन्।

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र नगरपालिकाका नीति/बजेट

यस ऐनको दफा ११, २४, २५ र १०२ अनुसार नगरपालिकाले:

- **सीप विकास तालिम कार्यक्रम** वार्षिक नीति तथा कार्यक्रममा समावेश गरेको
- **घरेलु तथा साना उद्योग प्रवर्द्धन** का लागि अनुदान/सहयोग व्यवस्था गरेको
- **रोजगारीमुखी योजनामा बजेट छुट्याएको**
- **स्थानीय आर्थिक विकास रणनीति** अन्तर्गत कृषि, पर्यटन, साना उद्योगलाई प्राथमिकता दिएको

यसबाट देखिन्छ कि नगरपालिकाको बजेट तर्जुमा प्रक्रिया कानुनी व्यवस्थासँग मेल खान्छ।

३. PMEP र नगरपालिकाको कार्यान्वयन भूमिका प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतः

- रोजगार सेवा केन्द्र सञ्चालन
- बेरोजगार सूची दर्ता
- न्यूनतम रोजगारी दिने योजना कार्यान्वयन
  नगरपालिकाले संघीय कार्यक्रमलाई स्थानीय तहमा कार्यान्वयन गर्दै संवैधानिक दायित्व पूरा गरेको छ।

४. सार्वजनिक खरिद ऐन र स्थानीय आयोजना

नगरपालिकाले सडक, भवन, खानेपानी, सिँचाइ जस्ता आयोजनामाः

- श्रमप्रधान प्रविधि अपनाउने
- स्थानीय श्रमिक प्रयोग गर्ने
  यसले विकास आयोजना = रोजगारी सिर्जना भन्ने नीतिलाई कार्यान्वयनमा ल्याएको देखिन्छ।

५. उद्योग तथा सहकारीसम्बन्धी कानुन र स्थानीय नीति

औद्योगिक व्यवसाय ऐन, २०७६ तथा सहकारी ऐन, २०७४ को आधारमाः

- घरेलु तथा साना उद्योग दर्ता सहज बनाउने वातावरण
- सहकारीमार्फत कृषि, दुग्ध, उत्पादनमा सामूहिक रोजगारी
- स्वरोजगार र उद्यमशीलता कार्यक्रम
  यी विषयहरू नगरपालिकाको आर्थिक विकास नीति र रणनीतिमा समावेश गरिएका छन्।

६. श्रम ऐन र स्थानीय परियोजनाहरू

नगरपालिकाका परियोजनामा कार्यरत श्रमिकलाईः

- न्यूनतम पारिश्रमिक
- सुरक्षित श्रम वातावरण
  प्रदान गर्ने व्यवस्था श्रम ऐनअनुसार लागू भएको देखिन्छ।

यसरी हेर्दा दिपायल सिलगढी नगरपालिकाको **वार्षिक बजेट, नीति, आवधिक योजना र कार्यक्रमहरू माथि उल्लेखित संघीय कानुनहरूसँग प्रत्यक्ष रूपमा आबद्ध** छन्। नगरपालिकाले बनाएका रोजगारीमूलक कार्यक्रमहरू स्वतन्त्र निर्णय नभई संविधान र ऐनद्वारा प्रदान गरिएको अधिकार र दायित्वको प्रयोगको परिणाम हुन्।

## २.४ दिपायल सिलगढी न.पा.को आ.व. २०८१/८२ को बार्षिक बजेट

| क्र.स. | बजेटको किसिम | कुल विनियोजित बजेट |
|---|---|---|
| १. | चालु | ४५,५६,५६,०० |- |
| २. | पूँजीगत | २८,५५,८०,००० |- |
| | **जम्मा** | **७४,१२,३६,००० |-** |

## २.५ दिपायल सिलगढी न.पा.को आ.व. २०८२/८३ को बार्षिक बजेट

| क्र.स. | बजेटको किसिम | कुल विनियोजित बजेट |
|---|---|---|
| १. | चालु | ४२,६७,१०,९४३ |- |
| २. | पूँजीगत | ४५,९१,९०,००० |- |
| | **जम्मा** | **८८,५९,००,९४३ |-** |

## २.६ दिपायल सिलगढी नगरपालिकाले आ.व. २०८१/०८२ मा रोजगारी बढाउन गरेको बार्षिक बजेट विनियीजन र कार्यान्वयनको अवस्था

| क्र.स. | कार्यक्रम / योजना नाम | रोजगारीसँग सम्बन्ध | विनियोजित रकम (रु.) | लाभान्वित परिवार/व्यक्ति/समुह/फेत्र फल | कार्यान्यिनको अवस्था |
|---|---|---|---|---|---|
| १ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम – उद्यमी स्तरोन्नती तथा | उद्योग/रोजगार | 2,40,000 | दिपायल सिलगढी नगरपालिका वडा नं ८ लडागडामा १० जना महिलाहरुलाई | सम्पन्न |

| | | | | | |
|---|---|---|---|---|---|
| | सीप विकास तालिम | | | मेशिनबाट होजियारी सिप बिकास तालिम | |
| २ | लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना | उद्योग/रोजगार | 9,20,000 | दिपायल सिलगढी नगरपालिका वडा नं १,२,३ र ४ का ३१ जना सम्भाभित उद्यमीहरुलाई SIYB तालिम, १० जना सहभागीलाई ड्राइभिङ तालिम र २१ जना सहभागीलाई डुना टप्परी तालिम बनाउने सम्बन्धी सिप बिकास तालिम | सम्पन्न |
| ३ | 100 स्थानीय तहमा महिला उद्यमशीलता विकास सहजीकरण केन्द्र सञ्चालन | गरिबी निवारण/महिला उद्यम | 2,00,000 | ३५ जना लाई उद्ययमशिलता विकास तालिम र ३५ जना लाई दुनाटपरी सम्बन्धी तालिम प्रदान गरिएको | सम्पन्न |
| ४ | महिला सिपमूलक कार्यक्रम | लैंगिक समानता/सीप विकास | 1,00,000 | कार्यपालिका तथा वडा जनप्रतिनिधिलाई तिन दिने तालिम प्रदान | सम्पन्न |
| ५ | घुम्ती स्थलगत कृषि प्रविधि तालिम | कृषि/सीप | 1,00,000 | - | संभचालन नभएको |
| ६ | च्याउ खेती प्रवर्द्धन कार्यक्रम | कृषि/आयआर्जन | 2,00,000 | ११ बटा कृषक समूह र ८ जना कृषि उद्यमी २८२ | सम्पन्न |
| ७ | तरकारी नर्सरी कार्यक्रम | कृषि/आयआर्जन | 1,00,000 | १ जना कृषि उद्यमी लाभान्वित भएका छन। | सम्पन्न |
| ८ | तरकारी विकास कार्यक्रम | कृषि/आयआर्जन | 9,00,000 | १६ वटा कृषक समूह र ३८ वटा कृषक लाभान्वित जम्मा ४५६ जना | सम्पन्न |
| ९ | फलफूल विकास कार्यक्रम | कृषि/आयआर्जन | 4,50,000 | आप लिचि र कागती विरुवा वितरण भएको जम्मा २९७ | सम्पन्न |
| १० | आलु बाली प्रवर्द्धन कार्यक्रम | कृषि | 4,68,000 | समूह र कृषि उद्यमीलाई वितरण गरिएको जम्मा ८८ जना सम्टीएका | सम्पन्न |
| ११ | कफी विकास कार्यक्रम | कृषि | 2,50,000 | १ बटा कृषक समूहमा कफि खेती शुरुवात गरिएको जम्मा ३५ जना | सम्पन्न |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | रोजगार कार्यक्रम अन्तर्गत श्रमिक समूह अभिमुखीकरण | श्रम तथा रोजगार | 42,000 | ११ वटा श्रमिक समुहलाई अभिमुखिकरण | सम्पन्न |
| १३ | रोजगार कार्यक्रमका वडाका समितिहरूलाई अभिमुखीकरण | श्रम तथा रोजगार | 72,000 | वडा समिति संग आ.व. २०८१/०८२ को बजेट तथा कार्यक्रम बारे जानकारी | सम्पन्न |
| १४ | स्थानीय तहको रोजगार रणनीति तर्जुमा तथा आन्तरिक रोजगार प्रवर्द्धन अभियान | श्रम तथा रोजगार | 1,00,000 | रोजगारी रणनीति तर्जुमा भई स्विकृतिको क्रममा रहेको | सम्पन्न |

## २.७ दिपायल सिलगढी नगरपालिकाले आ.व. २०८२/०८३ मा रोजगारी बढाउन गरेको बार्षिक बजेट विनियीजन र कार्यान्वयनको अवस्था

| क्र.स. | बजेट शीर्षक / कार्यक्रम | रोजगारीसँग सम्बन्ध | रकम (रु.) | लाभान्वित परिवार/व्यक्ति/समुह/फेत्र फल | कार्यान्यिनको अवस्था |
|---|---|---|---|---|---|
| १ | बेरोजगार युवाहरूका लागि रोजगारमूलक सीप विकास तालिम कार्यक्रम | युवालाई सीप दिई रोजगारी/स्वरोजगार | 5,00,000 | प्र.म रोजगार कार्यक्रम राष्ट्रिय राष्ट्रिय रोजगार कार्यक्रममा रूपान्तरण भई कार्यविधि स्थानियतह लाई प्राप्त भएको | कार्यान्वयन हुन बाँकी |
| २ | सीप विकास तालिम | विभिन्न सीपमार्फत आयआर्जन क्षमता वृद्धि | 5,00,000 | | कार्यान्वयन हुन बाँकी |
| ३ | दलित लक्षित सीप विकास तालिम | लक्षित वर्गलाई स्वरोजगार अवसर | 5,00,000 | | कार्यान्वयन हुन बाँकी |
| ४ | अपाङ्ग सीप विकास तालिम | अपाङ्ग व्यक्तिलाई जीविकोपार्जन सीप | 5,00,000 | | कार्यान्वयन हुन बाँकी |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | व्यावसायिक तालिम कार्यक्रम | तालिमपछि उद्यम/रोजगार | 5,00,000 | | कार्यान्वयन हुन बाँकी |
| ६ | प्रधानमन्त्री रोजगार कार्यक्रम | श्रमआधारित रोजगारी सृजना | 1,00,000 | कार्यन्वयन हुन बाँकी | कार्यान्वयन हुन बाँकी |
| ७ | लघु उद्यम बिकास मोडेलमा सिप बिकास तालिम संचालन | उद्योग/रोजगार | 8,50,000 | दिपायल सिलगढी नगरपालिका भित्र मागमा आधारित तालिम संचालन भैरहेको | संचालन भैरहेको |
| ८ | सफल उद्यमी पहिचान तथा प्रोत्साहन कार्यक्रम | उद्योग/रोजगार | 1,00,000 | दिपायल सिलगढी नगरपालिका भित्रका उद्यमीहरुबाट सफल उद्यमीलाई प्रोत्साहन गर्ने | प्रक्रियामा रहेको |
| ९ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम – उद्यमी स्तरोन्नती तथा सीप विकास तालिम | उद्योग/रोजगार | 70,000 | स्तरउन्नती तर्फ दिपायल सिलगढी नगरपालिका वडा नं ३ का १५ जना महिलाहरुलाई दुना टप्परी तालिम बनाउने सम्बन्धी सिप बिकास तालिम | प्रक्रियामा रहेको |
| १० | लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना | उद्योग/रोजगार | 3,36,000 | दिपायल सिलगढी नगरपालिका वडा नं १ का २६ जना सम्भाभित उद्यमीहरुलाई SIYB तालिम र २६ जना सहभागीलाई कपास उत्पादन गरी त्यसबाट सिरक डस्ना बनाउने सम्बन्धी सिप बिकास तालिम | समपन्न |
| ११ | स्वरोजगार सिर्जना कार्यक्रम | प्रत्यक्ष आयआर्जन अवसर | 2,00,000 | | कार्यान्वयन हुन बाँकी |
| १२१ | दुग्ध उत्पादन पकेट कार्यक्रम | कृषि–आधारित रोजगारी | 5,00,000 | | कार्यान्वयन हुन बाँकी |
| १३ | माछा पकेट कार्यक्रम | मत्स्यपालनमार्फत आय | 5,00,000 | | कार्यान्वयन हुन बाँकी |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | बाख्रा पकेट कार्यक्रम | पशुपालनमा रोजगारी | 5,00,000 | | कार्यान्वयन हुन बाँकी |
| १५ | जिविको पार्जन सुधार कार्यक्रम | महिलाको आयआर्जन/सशक्तिकरण गतिविधि | 9,00,000 | महिला बालबालिका तथा जेष्ठ नागरिक | प्रक्रियामा रहेको |
| १६ | पोषण कार्यक्रम | महिलाको आयआर्जन/सशक्तिकरण गतिविधि | ७,00,000 | सुनौला १००० दिन का महिलालई अनुदान कार्यक्रम | प्रक्रियामा रहेको |

## २.८ दिपायल सिलगढी नगरपालिकाको रोजगार सेवा केन्द्रले आ.व. २०८१/०८२ मा सूचिकृत बेरोजगार एवम् सूचिकृत लाई प्रदान गरेको रोजगारी तथा तालिमको अवस्था र अन्य जानकारी

- रोजगार सूचीमा सूचीकृत ६१५
- सामुदाजिक आयोजना सरख्या-९९
- रोजगारी सिर्जना - ८५ जना (१०० दिने रोजगारी)
- ५० दिने तालिममा सहभागि ४० जना
- पालिकाको रोजगार रणनीति तर्जुमाको क्रममा रहेको
- समावेशितालाई ध्यान दिईएको
- १०० दिनको रोजगारी प्राप्त गर्ने १०० जना मध्ये ६८ जना (८९ प्रतिशत) महिला
- तालिममा सहकागि ४० गना मध्ये ३९ जना महिला
- सामुदायिक आयोजना उपभोक्ता समितिमा ११ मध्ये ८ वटा समितिमा महिला अध्यक्ष



## ३. दिपायल सिलगढी नगरपालिकाले रोजगारी बढाउन गरेका प्रयासले स्थानियस्तरमा परेको प्रभावको SWOT Analysis

**Strengths (बलियो पक्ष)**

- स्थानीय योजना र नीति सूचीकृत
- नगरपालिकाले आफ्नो वार्षिक नीति तथा कार्यक्रम र बजेटमा रोजगारी र स्थानीय विकासका लक्ष्यहरू राख्दै आएको छ जसले स्थानीय रोजगारी योजनालाई कानुनी वैधता दिन्छ।
- विभिन्न सूचना र प्रस्ताव सार्वजनिक
- रोजगार शाखाले नियमित सूचना, दरभाउ प्रस्ताव, निविदा तथा रोजगारी सम्बन्धी दस्तावेजहरू प्रकाशन गर्दै आएको छ जसले पारदर्शिता र पहुँच बढाउँछ।
- नगरपालिकाको संरचनागत क्षमता
- नगरपालिकामा पूर्वाधार, सामाजिक सेवा तथा रोजगार शाखा लगायतका विभागहरू छन् जसले स्थानीय स्तरबाट कार्यक्रम व्यवस्थापन गर्न सक्षम गर्छ।

**Weaknesses (कमजोरी)**

- स्वच्छ रोजगार विवरणको अभाव
- आधिकारिक वेबसाइटमा रोजगारी सिर्जना र रोजगारी कार्यक्रमका स्पष्ट डेटा/अंक (जस्तै कति रोजगार सृजना भएको) जानकारी सीमित छ ।
- सशक्त रोजगार सेवा केन्द्र उपलब्धता स्पष्ट छैन
- वेबसाइटमा रोजगार सेवा केन्द्रका विस्तृत सेवा विवरण जस्तै तालिम, रोजगारी सूचीकृत प्रक्रिया विस्तृत रूपले राखिएको छैन ।

**Opportunities (अवसर)**

- नयाँ नीति तथा बजेट निर्माण
- आर्थिक वर्ष २०८२/८३ जस्ता नीति तथा कार्यक्रममा रोजगारीमुखी योजनालाई प्राथमिकता दिएर थप कार्यक्रम समावेश गर्न सकिने अवसर छ।
- स्थानीय स्रोत तथा कृषि–उद्यमिक रोजगार प्रवर्द्धन

- नगरपालिकाको क्षेत्र कृषि—उद्यम अनि पर्यावरणीय गतिविधिमा आधारित रोजगार सृजना गर्न सकिने सम्भावना छ (जस्तै कृषि उत्पादन, सहकारी विकास, स्थानीय उद्योग)।
- संरक्षण—सम्बन्धी साझेदारी
- स्थानीय, राष्ट्रिय, तथा अन्तराष्ट्रिय परियोजना/NGO हरूसँग साझेदारीमार्फत प्रशिक्षण र रोजगार कार्यक्रम विस्तार गर्न सम्भावना।

**Threats (खतरा)**

- अपर्याप्त रोजगारी डेटा र अनुगमन
- रोजगारी कार्यक्रमको प्रभाव मापनका लागि नियमित डेटा संकलन तथा अनुगमन छैन भने प्रभाव र परिणाम स्पष्ट पार्न कठिन हुन्छ।
- बेरोजगारी दबाब अझै रहनु
- आर्थिक अस्थिरता र सीमित उद्यमिक गतिविधिका कारण युवा वर्गमा बेरोजगारी रहन सक्छ जसले स्थानीय रोजगारी कार्यक्रममाथि दबाव बढाउँछ।
- सूचना पहुँच सीमितता
- वेबसाइट तथा सूचना प्रणाली अझै विकासोन्मुख भएकोले सबै नागरिकले सजिलै सेवा सूचना/रोजगारी समाचार पाउन नसक्ने सम्भावना छ।

# ४.प्रमुख सिकाइहरु तथा अध्ययनको निष्कर्ष

## ५.१ अध्ययनका प्रमुख सिकाइहरू (Key Learnings)

१. स्थानीय तह रोजगारी सिर्जनाको महत्वपूर्ण आधार हो
संविधान र स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकार प्रयोग गरेर नगरपालिकाले रोजगारी कार्यक्रम सञ्चालन गर्न सक्छ।

२. योजना भन्दा कार्यान्वयन महत्वपूर्ण हुन्छ
नीति, बजेट र कार्यक्रम भए पनि प्रभावकारी कार्यान्वयन, अनुगमन र निरन्तरता नभए परिणाम कमजोर हुन्छ।

३. सीप र बजारबीचको सम्बन्ध अनिवार्य छ
तालिम दिइएका सीपहरू बजारको मागसँग मेल खानुपर्छ, नत्र तालिमले रोजगारीमा रूपान्तरण हुँदैन।

४. कृषि र साना उद्योग स्थानीय रोजगारीको मुख्य स्रोत हुन्
स्थानीय स्तरमा ठूला उद्योग नहुँदा कृषि, पशुपालन, सहकारी र घरेलु उद्योग नै प्रमुख विकल्प देखिए।

५. रोजगार सेवा केन्द्रको भूमिका महत्वपूर्ण छ

बेरोजगार दर्ता, सीप पहिचान, तालिम र रोजगार मिलान प्रणाली बलियो भएमा प्रभाव बढ्छ।

६. युवाको वैदेशिक रोजगारी आकर्षण ठूलो चुनौती हो
स्थानीय अवसर सीमित हुँदा सक्षम युवा बाहिरिने प्रवृत्ति देखियो।

७. तथ्याङ्कमा आधारित योजना निर्माणको कमी
विश्वसनीय रोजगार तथ्याङ्क अभावले सही नीति बनाउन कठिन भएको पाइयो।

## ५.२ अध्ययनको निष्कर्ष (Conclusion)

यस अध्ययनबाट स्पष्ट हुन्छ कि दिपायल सिलगढी नगरपालिकाले कानुनी अधिकार प्रयोग गरी विभिन्न रोजगारीमुखी प्रयासहरू (सीप तालिम, कृषि प्रवर्द्धन, श्रमप्रधान आयोजना, रोजगार सेवा केन्द्र सञ्चालन आदि) गरेको भए पनि ती कार्यक्रमहरूको प्रभाव अपेक्षाअनुसार देखिन सकेको छैन। यसको मुख्य कारण सीमित स्रोत, बजारसँग नमिल्ने सीप तालिम, निजी क्षेत्रको कमजोर सहभागिता, तथा प्रभावकारी अनुगमन प्रणालीको अभाव हो।

यदि नगरपालिकाले बजारमुखी सीप विकास, कृषि व्यावसायीकरण, साना उद्योग प्रवर्द्धन, निजी क्षेत्रसँग सहकार्य, र तथ्याङ्कमा आधारित योजना निर्माण लाई प्राथमिकता दिई सुधारात्मक कदम चाल्यो भने स्थानीय स्तरमै दिगो र उत्पादनमूलक रोजगारी वृद्धि सम्भव देखिन्छ। यसले बेरोजगारी घटाई स्थानीय अर्थतन्त्र सुदृढ बनाउन सहयोग पुऱ्याउनेछ।

# अनुसुची १

✓ स्थलगत अध्ययनमा सहभागी प्रशिक्षार्थीहरुको नामावली

| क.स. | कर्मचारीको नामथर | पद | कार्यालय | सम्पर्क न. |
|---|---|---|---|---|
| १ | करूणाकर जोशी | अधिकृत छैंटौ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, कैलाली | ९८४२१९८४७३ |
| २ | डम्बर सिंह साउद | सहायस पाँचौ | परशुराम नगरपालिका, डडेल्धुरा | ९८४८६२६१९३ |
| ३ | घनश्याम चौधरी | सब इन्जिनियर | भजनी नगरपालिका, कैलाली | ९८४८०५४८८० |
| ४ | दिपक राज देवकोटा | अधिकृत छैंटौ | लम्कीचुहा नगरपालिका, कैलाली | ९८४८४५४८३६ |
| ५ | हरि सिंह बिष्ट | ल्या. अ. नि. | गोकुलेश्वर अस्पताल, दार्चुला | ९८४८८५६१२३ |
| ६ | मिना सापकोटा | सि. अ. न. मि. | शैल्यसिखर नगरपालिका. दार्चुला | ९८४८८२९९९१ |

# अनुसुची २

❖ सोधिएका प्रश्नावली

✓ नगर प्रमुख (Mayor) सँग सोधिने प्रश्नहरू

- नगरपालिकाले रोजगारी वृद्धिलाई कत्तिको प्राथमिकता दिएको छ?
- हाल सञ्चालनमा रहेका रोजगार मुखी मुख्य कार्यक्रमहरू के—के छन्?
- रोजगारी सिर्जनामा नगरपालिकाले सामना गरिरहेका प्रमुख चुनौतीहरू के हुन्?
- निजी क्षेत्र र सहकारीसँग सहकार्य कत्तिको छ?
- युवालाई स्थानीय स्तरमै रोजगारीमा जोड्न के रणनीति अपनाइएको छ?
- कृषि, पर्यटन र उद्योग क्षेत्रमा रोजगारी बढाउन के पहल गरिएको छ?
- बजेटमा रोजगारी कार्यक्रमको हिस्सा कति राखिएको छ?
- भविष्यमा रोजगारी बढाउन नगरपालिकाको दीर्घकालीन योजना के छ?

✓ प्रमुख प्रशासकीय अधिकृत (CAO) सँग सोधिने प्रश्नहरू

१. रोजगारी सम्बन्धी कार्यक्रमको प्रशासनिक कार्यान्वयन कसरी भइरहेको छ?
२. वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा रोजगारी कार्यक्रम कसरी समेटिन्छ?
३. कार्यक्रम कार्यान्वयनमा के—कस्ता कानुनी/प्राविधिक समस्या आउँछन्?
४. रोजगार कार्यक्रमको अनुगमन र मूल्याङ्कन कसरी गरिन्छ?
५. अन्य सरकारी निकायसँग समन्वय कत्तिको प्रभावकारी छ?
६. श्रमप्रधान आयोजना कार्यान्वयनमा स्थानीय श्रमिक प्रयोग कत्तिको भएको छ?
७. तथ्याङ्क संकलन र रोजगारी डाटा व्यवस्थापन कसरी गरिन्छ?

✓ रोजगार संयोजक (Employment Coordinator) सँग सोधिने प्रश्नहरू

१. रोजगार सेवा केन्द्रमा कति बेरोजगार दर्ता भएका छन्?
२. उनीहरूको सीप प्रोफाइल कस्तो छ?
३. कस्ता सीप तालिम कार्यक्रम सञ्चालन भएका छन्?
४. तालिमपछि कति जना रोजगारी वा स्वरोजगारमा गएका छन्?
५. प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनको अवस्था कस्तो छ?
६. रोजगारी मिलान (job matching) प्रक्रिया कसरी गरिन्छ?
७. रोजगार सूचना प्रवाह कसरी हुन्छ?
८. सेवा प्रवाहमा देखिएका मुख्य समस्या के—के छन्?
९. रोजगारी कार्यक्रम प्रभावकारी बनाउन के सुधार आवश्यक छ?

✓ लघु उद्यम विकास सहजकर्ता सँग सोधिने प्रश्नहरू

१. यस नगरपालिकामा हाल कति लघु उद्यमी दर्ता/समर्थनमा छन्?
२. लघु उद्यम विकास कार्यक्रमका मुख्य उद्देश्यहरू के हुन्?
३. कस्ता प्रकारका उद्यमहरू (कृषि, पशुपालन, हस्तकला, सेवा, उत्पादन आदि) बढी प्रवर्द्धन भइरहेका छन्?
४. उद्यम छनोट गर्दा कुन आधार (गरिबी स्तर, सीप, स्रोत, बजार सम्भावना) प्रयोग गरिन्छ?
५. उद्यमीहरूलाई दिइने सीप तालिम कस्ता विषयमा हुन्छ?
६. तालिमपछि उद्यमीलाई उपकरण, प्रविधि वा पूँजी सहयोग उपलब्ध हुन्छ कि हुँदैन?
७. उद्यमीहरूको उत्पादनको बजार व्यवस्थापन कसरी गरिन्छ?
८. कार्यक्रमबाट कति जनाले स्वरोजगार प्राप्त गरेका छन्?
९. महिलाहरू, दलित, विपन्न वर्गको सहभागिता कस्तो छ?
१०. उद्यम सञ्चालनमा देखिएका मुख्य समस्या के—के छन्?
११. बैंक/सहकारीबाट ऋण पहुँच कत्तिको सहज छ?
१२. स्थानीय तहले उद्यम प्रवर्द्धनमा कस्तो सहयोग दिएको छ?
१३. उद्यमीहरूको अनुगमन र प्राविधिक सहयोग कसरी गरिन्छ?
१४. उद्यम दिगोपन (sustainability) को अवस्था कस्तो छ?
१५. भविष्यमा लघु उद्यम विकास कार्यक्रम प्रभावकारी बनाउन के सुधार आवश्यक छन्?

# अनुसुची ३

❖ **अध्ययन अवधिभरका केहि तस्विरहरु**



Figure 1दिपायल सिलगढी नगरपालिकामा अध्ययन अवलोकनमा जाने क्रममा उपप्रमुख ज्यू संगको सामुहिक तस्विर



*Figure 2दिपायल सिलगढी नगरपालिकाको प्रांगणमा*



*Figure 3 सुदूरपश्चिम प्रदेश अनुशन्धान तथा प्रशिक्षण प्रतिष्ठानमा सहभागि सम्पूर्ण सहभागी प्रशिक्षार्थिको समुहिक तस्विर*



नागरिक वडापत्र

*Figure ४ नागरिक वडापत्र*




*Figure ५ सुदूरपश्चिम प्रदेश अनुशन्धान तथा प्रशिक्षण प्रतिष्ठान पुन्ना, डोटी*

# ६. दिपायल सिलगढी नगरपालिका को कार्यालयबाट स्थलगत अध्ययन अवलोकनको समापन भए पश्चात प्रदान गरिएको पत्र

दिपायल सिलगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, डोटी
Dipayal Silgadhi Municipality
Office of Municipal Executive, Doti

ई-मेल info@dipayalsilgadhimun.gov.np
web site: dipayalsilgadhimun.gov.np

प.सं. :- २०८२/०८३
च.नं. :- ६५६

सिलगढी(Silgadhi)
सुदूरपश्चिम प्रदेश, नेपाल
मिति २०८२/१०/२६

विषय : जानकारी गराईएको सम्बन्धमा ।

श्री सुदूर पश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान,
पुन्ना डोटी ।

प्रस्तुत विषयमा तहाँको च.नं.२७२/०८२/०८३ मिति २०८२/१०/२० को पत्रानुसार **"स्थानीय तहले रोजगारी बढाउन गरेका प्रयास र अझै प्रभावकारी बनाउनु पर्ने सुधारका क्षेत्रहरु"** अध्ययनका लागी यस कार्यालयमा मिति २०८२/१०/२१ गते देखि मिति २०८२/१०/२६ गते सम्म स्थलगत अध्ययन भ्रमणमा तपसिल बमोजिमका कर्मचारीहरु खटिनु भई कामकाज गर्नुभएको व्यहोरा जानकारी गराईन्छ ।

तपसिलः

१. श्री मिना सापकोटा - सि.अ.न.मी.
२. श्री हरि सिंह बिष्ट - ल्याब अ.नि.
३. श्री दिपक राज देवकोटा - अधिकृत छैठौ
४. श्री घनश्याम चौधरी - सहायक पाँचौ
५. श्री डम्बर सिंह साउद - सहायक पाचौ
६. श्री करुणाकर जोशी - अधिकृत छैठौ

दामोदर भण्डारी
प्रमुख प्रशासकिय अधिकृत

## ७. सन्दर्भ सामग्री

- https://dipayalsilagadhimun.gov.np/
- कार्यालय प्रमुख, अन्य कर्मचारी, दि.सि.न.पा. डोटी
- नेपालको संविधान, २०७२ — रोजगारीको हक, राज्यका निर्देशक सिद्धान्त र स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ — स्थानीय तहले कृषि, उद्योग, सीप विकास र रोजगारी कार्यक्रम सञ्चालन गर्न पाउने कानुनी आधार।
- दिपायल सिलगढी नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम — नगरपालिकाले रोजगारी र आर्थिक विकासलाई दिएको प्राथमिकता बुझ्न।
- नगरपालिकाको वार्षिक बजेट पुस्तिका — रोजगारीमुखी कार्यक्रमका लागि छुट्याइएको बजेट र कार्यक्रमहरू।
- नगरपालिकाको आवधिक/दीर्घकालीन विकास योजना — दीगो रोजगारी र स्थानीय आर्थिक विकासको दीर्घकालीन रणनीति।
- रोजगार शाखा/रोजगार सेवा केन्द्रको प्रगति प्रतिवेदन — बेरोजगार दर्ता, तालिम, रोजगार मिलान सम्बन्धी तथ्याङ्क।
- प्रधानमन्त्री रोजगार कार्यक्रम (PMEP) सम्बन्धी निर्देशिका — स्थानीय तहमा कार्यान्वयन हुने रोजगार कार्यक्रमको ढाँचा।
- कृषि, पशु र लघु उद्यम विकास शाखाका प्रतिवेदन — स्वरोजगार र उत्पादनमूलक रोजगारी सिर्जनाका गतिविधिहरू।
- प्राथमिक स्रोत अन्तर्वार्ता — नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, रोजगार संयोजक, लघु उद्यम सहजकर्ता तथा लाभग्राहीसँगको जानकारी।

धन्यवाद